# हेल्थ प्लस

ॐ अस्पतालको स्वास्थ्य सचेतना अभियान | अंक ७, माघ - २०७९

OM HOSPITAL & RESEARCH CENTRE

An ISO 9001:2015 Certified Hospital

२५ बर्ष

WWW.OMHOSPITALNEPAL.COM


## About Us

ॐ अस्पताल नेपालको निजी क्षेत्रबाट सञ्चालीत स्वास्थ्य उपचार सेवा प्रदायकहरू मध्येको अग्रणि अस्पताल हो । "वी केयर फर यू" नारासहित वि.सं. २०४६ सालमा स्थापित भएको यस अस्पतालको शुरूको नाम ॐ नर्सिङ होम हो । दक्ष, अनुभवि र ख्याति प्राप्त चिकित्सकहरुद्वारा नेपालमा नै अत्याधुनिक उपचार सेवा सुलभ शुल्कमा उपलब्ध गराउने उद्देश्यले संचालन गरिएको यो संस्था जम्मा केही चिकित्सक र ८ शैय्या बाट शुरू गरिएको थियो ।

वि.सं. २०५२ सालमा स्वास्थ्य उपचार सेवाको टड्कारो आवश्यकतालाई सम्बोधन गर्नेगरी १७५ शैय्या र १०० जना बिशेषज्ञ चिकित्सकहरूको टोली सहितको बिशिष्ट सेवा प्रदायक अस्पतालको रूपमा ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरको रूपमा रूपान्तरण भयो । ३३ बर्ष देखि निरन्तर सेवामा रहेको र यस अस्पतालमा देशका अत्यन्त कुशल तथा अनुभवि चिकित्सकहरूको टोली सधैं रहने गरेको छ । इमर्जेन्सि मेडिसिनमा उच्च शिक्षा हासिल गर्नुभएका डाक्टरको नेतृत्व रहेको र २४ सै घण्टा डिएम/एमडिजिपि चिकित्सक सहितको अत्याधुनिक आकस्मिक उपचार सेवा उपलब्ध छ ।

नि:सन्तानपनको उपचार नेपालमा शुरु गर्ने पहिलो अस्पतालको रूपमा परिचित यो अस्पताल मातृशिशु उपचारमा पनि अत्यन्त लोकप्रिय रहेको छ । नेपाल सरकारको बिपन्न नागरिक औषधी उपचार सेवा अन्तर्गत सहुलियत सहितको हेमो डायलाइसिस सेवा तथा क्यान्सरका बिरामी हरूकालागि केमो थेरापी सेवा समेत यहाँ उपलब्ध छ ।

क्रिटिकल केयर मेडिसिनमा उच्च शिक्षा हासिल गर्नु भएका डाक्टरको नेतृत्वको १७ शैय्याको अत्याधुनिक सघन उपचार कक्ष उपलब्ध रहेको छ । अस्पताल परिसर भित्र नै सिटिस्क्यान, एमआरआई, इएमजी, टिएमटि, डिजिटल म्यामोग्राफी लगायतका मेसिनहरू सहित इन्टरभेन्सनल रेडियोलोजी सेवाहरू समेत उपलब्ध छन् । अत्याधुनिक उपकरणहरू सहितको प्याथोलोजी ल्याव, मोलिक्युलर पिसिआर ल्याव तथा फिजियो थेरापी सेवा र पोषण सम्वन्धि परामर्श सेवाहरू समेत उपलब्ध रहेका छन् ।

## Featured

# ॐ हस्पिटलको आकस्मिक उपचार सेवा



डा. जुकेल श्रेष्ठ (डि.एम.)
कन्सल्ट्यान्ट इमर्जेन्सी मेडिसिन

इमर्जेन्सी मेडिसिन भनेको जुनसुकै उमेरका मानिसमा आइपर्ने आकस्मिक रोगको तुरुन्त पहिचान, निदान तथा व्यवस्थापन गर्ने चिकित्सा विज्ञानको विधा हो । जसले मानिसका समपूर्ण शारिरिक तथा मानसिक आकस्मिक समस्याहरूको निदान, पहिचान र आवश्यक उपचार गरी जीवन जोगाउने गर्दछ ।

जस्तो, कुनै मानिसलाई हृदयाघात भयो, स्ट्रोक भयो, कुनै दुर्घटना भयो अथवा कसैले विष सेवन गर्यो या सहन नसकिने किसिमको दुखाई भयो भने यि र यस्ता अन्य थुप्रै विषयहरूमा विरामी अस्पताल आउना साथ पहिलो ब्यवस्थापन तथा उपचार गर्ने विषय नै आकस्मिक उपचार हो ।
हरेक विरामी पहिले इमर्जेन्सी विभाग भएर रोगको गम्भीरता हेरी थप उपचारमा जाने भएकाले यस विभागलाई अस्पतालको मुहारका रूपमा समेत लिने गरिन्छ ।

**यस विभागमा विशेष गरी ५ प्रकारका समस्या हरूको पहिचान तथा व्यवस्थापन गरिन्छ ।**

१. सघन उपचार आवश्यक हुनेगरी गम्भिर अवस्थामा आएका विरामीको पहिचान, ब्यवस्थापन गर्ने र स्थिर वनाउने ।
जस्तै: स्वास प्रश्वास सम्वन्धि गम्भीर विरामीलाई कृतिम श्वास दिई भेन्टिलेटरमा राख्ने, ब्लड प्रेसर निकै कम भएका विरामीलाई (आयोएनओट्रप्स एण्ड भ्यासो प्रेसर्स) रक्तचाप बढाउने विशेष औषधिहरूका प्रयोग गर्ने (Inotropes & Vasopressors), मुटुको चाल बन्द भएर आएका विरामीलाई सिपिआरको माध्यमवाट पुन: मुटुलाई स्वचालित गर्ने लगायतका कामहरू गरिन्छ ।

२. दुर्घटनामा परेका तथा चोटपटक लागेका विरामीहरूको पहिचान, ब्यवस्थापन र स्थिर बनाउने काम यस बिभागमा गरिन्छ ।
जस्तै: छातिमा चोट लागि फोक्सो बाहिर हावा वा रगत भरिएको अवस्थामा आकस्मिक चेष्ट ट्युव राख्ने, शरिरका हात गोडा लगायतका अंगहरूमा गम्भिर चोट लागेर काम नलाग्ने अवस्थामा पुग्ने जोखिम बाट जोगाउन तथा अन्य अङ्गहरूमा समेत हुने क्षतिको पहिचान ब्यवस्थापन र स्थिर बनाउने काम गरिन्छ ।

३. आकस्मिक समस्या भएका तर सहि पहिचान हुन नसकेका विरामीहरूको पहिचान ब्यवस्थापन तथा स्थिर बनाउने काम गरिन्छ । उदाहरणका लागि : तल्लो पेट दुखेर आएका महिलामा हुने रोगहरू जस्तै : पिसावको संक्रमण, एक्टोपिक प्रेग्नेन्सी, एपेण्डिसाइटिस, मानसिक रोग लगायतका रोग पहिचान उपचार र स्थिर बनाउने काम गरिन्छ ।

४. प्रि हस्पिटल केयर : समुदायमा रहेका विरामीलाई सोहि स्थानवाट उपचार शुरूगरी सुविधा सम्पन्न केन्द्र वा अस्पतालसम्म सुरक्षित रूपमा ल्याउने काम पनि इमर्जेन्सी विभागले गर्दछ ।

५. प्रकोपजन्य अवस्थामा विरामीको ब्यवस्थापन जस्तै : महामारी ( कोभिड, डेंगी ), प्राकृतिक प्रकोप ( भुकम्प, बाढि पहिरो), मानव निर्मित प्रकोप (विमान दुर्घटना, बस दुर्घटना, युद्ध) लाई आकस्मिक विभागले अग्रपङ्तिमा रहेर उपचार गर्दछ ।

सिकिस्त विरामीको हकमा आकस्मिक उपचार पश्चात सम्वन्धित विशेषज्ञ चिकित्सकको मद्दत लिई थप उपचारका लागि विरामीको व्यवस्थापन गरिन्छ । ॐ हस्पिटलको आकस्मिक उपचार विभाग सातैदिन चौविसै घण्टा खुला रहने गरेको छ । जहाँ ट्रायजको व्यवस्था सहित १४ वटा शैय्या रहेका छन् जसमध्ये चारवटा सस्पेक्टेड कोभिड इमर्जेन्सिका लागि छुट्याइएका छन् ।

उपचारका लागि आवश्यक दक्ष तथा अनुभवि विशेषज्ञ चिकित्सक, तालिम प्राप्त नर्सिङ स्टाफ आधुनिक उपकरण तथा उपचार सामग्रिहरू समेत उपलव्ध रहेका छन् ।

यस विभागमा विरामीको विशेष उपचार स्याहार तथा हेरविचार सेवाका लागि ३० जनाको टोली कार्यरत रहेको छ । जसमा डी.एम. इमर्जेन्सि मेडिसिन चिकित्सक सहित छ, जना एम.डि. जि.पी. चिकित्सकहरू, चारजना मेडिकल अफिसरहरू, तेह्रजना दक्ष तथा अनुभवि नर्सिङ स्टाफहरू र सातजना हाउसकिपिङ स्टाफहरू कार्यरत रहेका छन् ।






OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4576225 | omhrc@omhospitalnepal.com

SPECIAL ARTICLE

# गर्भावस्थाको जाँच अनोमली स्क्यान र ॐ अस्पतालले भित्र्याएको नयाँ फोर-डी



गर्भमा रहेको शिशु स्वस्थ छ कि छैन भनेर जाँच गर्ने चलन पछिल्लो समय बढिरहेको छ। कतिपय रोगहरु शिशु गर्भमै भएको अवस्थामा पत्ता लगाउन सकिने प्रविधिको विकास भएपछि यो चलन पनि बढेको हो। जनचेतना बढ्दै गएपछि अभिभावक पनि आफ्ना बच्चा स्वस्थ जन्मिदै छन् कि छैनन् भनेर सचेत हुन थालेका छन्।

हामीले कतिपय अवस्थामा अस्पतालमा बच्चा जन्मना साथ मृत्यु भएपछि वा नवजात अवस्थामै मृत्यु भएपछि अस्पतालको लापरवाहीले मृत्यु भएको भन्दै आफन्तले अस्पतालमा विरोध गरेको देखेका सुनेका छौं । कहिले बच्चाले सास फेरेन, मुटुको चाल थिएन, हात गोडा थिएन भन्ने जस्ता कुरा पनि सुन्छौं।

जाँच गरेमा गर्भमै थाहा पाउन सकिने समस्या पहिले जाँच नहुँदा पनि यस्ता खालका घटना भइरहेका छन्।

गर्भमा रहेको शिशु कस्तो अवस्थामा छ, उसलाई केही गम्भीर खालका समस्या छ कि छैन, छ भने कसरी रोकथाम गर्ने भन्ने जानकारी लिन र बच्चा जन्मनु पूर्वदेखि नै तयारी गर्न सकिन्छ । कहिलेकाही बच्चा अंगभङ्ग जन्मिनेवाला छ भने शिशु जन्माउने कि नजन्माउने भन्ने खालका निर्णय गर्न अभिभावकलाई सहज हुन्छ ।
गर्भावस्थामा जाँच गरी जन्मजात अपाङ्गता छन् कि छैन भनेर पनि थाहा पाउन सकिन्छ । यो जाँचलाई अनोमली स्क्यान भनिन्छ ।

ॐ अस्पतालमा विगत १० बर्षदेखि यो सेवा सञ्चालित छ । बच्चा नजन्मदै बच्चाको मुटुको बनावट ठीक छ कि छैन, शरिरको बनावट र अंगहरूको अवस्था ठिक छ छैन लगायतका जाँच गरिन्छ।

साथमा फेटल इकोकार्डियोग्राफी जाँच पनि गर्न गरिन्छ यो गर्भावस्थामा गरिने भ्रुणको मुटुको परीक्षण हो । यो परीक्षणबाट बच्चा नजन्मदँ पेटभित्रको बच्चाको मुटुको प्वाल, मुटुको बनावट, मुटुको काम, मुटुको सम्बन्धी रोगहरूको बारे जानकारी पाउन सकिन्छ । विश्वमा सन् १९७० बाट भ्रूणको मुटुको परीक्षण सुरू भएको हो ।

विगतमा यो निकै अप्ठेरो प्रविधि मानिन्थ्यो । चिकित्सकहरू यसलाई डिक्सनरी नभई विदेशी भाषा पढ्दा गरिएको प्रयास भन्थे । सन् ९० को दशकपछि यो प्रविधिले ठूलै फड्को मार्‍यो । ॐ अस्पतालले एक दशक अघि देखि नै यस किसिमका जाँचहरू गर्दै आएको छ ।

सुरूका दिनहरूमा अनोमली स्क्यान जाँच गर्न आउने गर्भवतीको संख्या कम भएपनि हालका वर्षहरुमा जनचेतना बढ्दै गएपछि यो जाँच गराउन आउने गर्भवतीको संख्या उल्लेख्य रूपमा बढ्दै गएको छ ।

सामान्यतया गर्भ रहेको १८ देखि २२ हप्ताको समयमा अनोमली स्क्यान गर्न सकिन्छ । आवश्यकता अनुसार त्यसपछि पनि गर्न सकिन्छ। बच्चाको निकै गम्भीर समस्या देखिएमा समयमा नै बच्चा जन्माउने वा नजन्माउने निर्णय लिन सजिलो हुन्छ । गम्भीर समस्या भएको बच्चा जन्माउने निर्णय लिएपछि त्यसै खालको सुविधा भएको बच्चाको आइसियु भएको अस्पतालमा बच्चा जन्माउन तयारी गर्न सकिन्छ।

## अनोमली स्क्यान गर्नुका फाइदा :

अनोमली स्क्यान सबै गर्भवतीले अनिवार्य गराउनु पर्छ । स्क्यान गराउनुका केही महत्वर्पूण फाइदा छन् । यस जाँ चबाट गम्भीर प्रकारका शारिरिक समस्या र विकलाङ्गता र मुटुरोग पत्ता लगाउन सकिन्छ । गम्भीर समस्या भएको बच्चा जन्माउँदा पहिले नै चिकित्सकहरूले पूर्व तयारीका साथ बच्चा निकाल्न सक्दछन् । बच्चाले तुरून्तै उपचार पाउँछ । जटिल प्रकारका रोग र समस्या पहिले नै पत्ता लगाएर गर्भपतनको उपाय पनि अपनाउन सकिन्छ ।

## ॐ अस्पतालले भित्र्याएको फोर-डी अल्ट्रासाउण्ड मेसिन र यसका बिशेषताहरू:

ॐ अस्पतालमा नयाँ अल्ट्रासाउण्ड मसिन भित्र्याएको छ । जस्ले गर्भमा रहेको भ्रणको तस्बीर नै प्रिन्ट गर्न सकिने, शरीरका भित्री अंगहरूको तस्बीर दुरूस्तै हेर्न सकिने फोर-डी अल्ट्रासाउण्ड काठमाडौं चावहिल स्थित ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरले भित्र्याएको हो ।

तुलनात्मक रूपमा थ्री-डी अल्ट्रासाउण्ड भ्कै भएपनि यसमा आमाको गर्भमा रहेको भ्रुणको ढाँचा, अवस्था, मुहारको स्पष्ट तस्बीर साथमा रक्त प्रवाह, चालहरु समेत स्पष्ट रूपमा देखिन्छ । जसको फोटो प्रिन्ट र भिडियो रेकर्ड सहज रुपमा गर्न सकिन्छ ।

भ्रुणावस्थामा आउनसक्ने विकलाङ्गता तथा अन्य शारिरिक समस्याहरूको समयमै पहिचान र निदान गर्न फोर-डी अल्ट्रासाउण्ड अत्यन्न उपयोगि रहेको हुनाले संसारभर का राम्रा अस्पतालहरूमा यो प्रयोगमा रहेको छ । फोर-डीमा अल्ट्रासोनिक वेभको सट्टामा साउण्ड वेभको प्रयोग गरिने भएकाले तुलनात्मक रूपमा यो निकै सुरक्षित मानिएको छ ।



डा. हरि किशोर श्रेष्ठ
सिनियर कन्सल्टेन्ट, रेडियोलोजिष्ट



OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4576225 | omhrc@omhospitalnepal.com

# ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. मा हार्दिक स्वागत



**DR. ANUJ JUNG RAYAMAJHI**
CONSULTANT ANESTHESIOLOGIST & PAIN PHYSICIAN
MD, ANESTHESIOLOGY AND CRITICAL CARE MEDICINE
FELLOWSHIP IN PAIN MEDICINE
NMC:4995



**DR. BINOD ARYAL, MD**
CONSULTANT OBSTETRICIAN & GYNAECOLOGIST
GYNAECOLOGIC ONCOLOGIST
FELLOWSHIP IN GYNAECOLOGIC ONCOLOGY
FELLOWSHIP IN MINIMAL INVASIVE SURGERY
NMC:4438

OMHRC SPECIAL SERVICE

# इन्टरभेन्सनल रेडियोलोजी विशेष अन्तर्वार्ता

### रेडियोलोजी भनेको केहो ?

रेडियोलोजी भनेको समामन्य भाषामा भन्दा इमेजिङ हो अर्थात फोटो अथवा भिडियो चित्र हो । जसमा छाँया चित्र हेरेर स्वास्थ्य समस्याहरूको पहिचान गरिन्छ ।

रेडियोलोजी अन्तर्गत विकिरणयुक्त एक्स - रे, फ्लोरोस्कोपी, म्यामोग्राम, सिटिस्क्यान तथा विकिरणरहित अल्ट्रासाउन्ड, एमआरआई लगायत परिक्षण प्रविधिहरु पर्छन् । कम समयको प्रयोग गरेर धेरैभन्दा धेरै शरीर का भित्री अङ्गहरूमा भएका समस्याको जानकारी लिन चिकित्सकलाई सहयोग गर्ने पद्धतिलाई रेडियोलोजी भनिन्छ ।

यसले शरिर भित्रका समस्याहरू बाहिरवाट नै रेडिएसन प्रयोग गरेर वा नगरिकन भित्री अङ्गका रोगहरू चित्रको माध्यमवाट पत्ता लगाउन मद्दत गर्दछ ।

### इन्टरभेन्सनल रेडियोलोजी भनेको के हो ?

इन्टरभेन्सनल रेडियोलोजी भनेको रेडियोलोजीको नयाँ विधा हो । रेडियोलोजीमा एक्स रे, अल्ट्रासाउण्ड, सिटि स्क्यान, एमआरआई लगायतका यन्त्र उपकरणहरु प्रयोग गरेर कुनैपनि उपचार गर्छौं भने त्यसलाई इन्टरभनेन्सनल रेडियोलोजी भनिन्छ ।

जस्तो शरिरका कुनै भित्री अङ्गहरूमा गाँठो देखियो, मासुको डल्लो पलायो क्यान्सर हो की भनेर शंका लाग्यो भने त्यसको अन्तिम निरूपण (डाइग्नोसिस) भनेको वायोप्सी जाँच हो । सानो सियो भित्र पठाएर मासुको टुक्रा निकालेर जाँच गर्ने विधि हो वायोप्सी । जुन पहिले पहिले अपशेशन गरेर चिरा लगाएर भित्री अङ्गलाई हेरेर त्याहाँको वायोप्सी गर्ने गरिन्थ्यो ।

अहिले हामी नचिरिकनै सिटि स्क्यान वा अल्ट्रासाउण्डमा चित्र हेरेर सम्वन्धित अङ्गमा सुई पुर्याएर त्याहाँको बायोप्सी लिन सक्ने भएका छौं ।

त्यस्तै इन्टरभेन्सनल रेडियोलोजीको माध्यमबाट शरिरका भित्री अङ्गमा भएका कुनैपनि किसिमको ट्युमरसम्म सुई पुर्याएर तताउने वा चिस्याउने एबलेशन प्रोसिजरहरू गरेर उपचार गर्न सकिन्छ ।

शरिरका भित्री अङ्गमा नसाहरू साँघुरिएका छन् भने हात वा गोडाका नसाहरूको बाटो गरेर सुइ भित्र पठाएर तिनलाई फुकाउने । कुनै नसा फुटेर रक्तश्राव भइरहेको छ भने त्यसलाई बन्द गर्ने लगायतका कामहरू यस इन्टरभेन्सनल रेडियोलोजी अन्तर्गत गरिन्छ ।

यि सबै उपचारहरू हामी लोकल एनेस्थेसिया मात्र दिएर गर्दछौं । अन्य अपरेशनहरूमा जस्तो विरामीलाई पूर्णरूपमा वेहोस बनाउनु नपर्ने भएकाले पनि यो सहज र सरल उपचारमा पर्दछ ।

यस्ता प्रोसिजरहरूमा विरामीले लामो समय अस्पताल बस्नु पर्दैन जम्मा छ घण्टा देखि एकदिन भित्र डिस्चार्ज गरेर घर पठाउन सकिन्छ । यस विधिवाट उपचार गरेका विरामी छिटो निको हुने गरेको अध्ययनहरूले देखाएका छन् ।

यसमा सानो सूईवाट नै सबै काम गर्न सकिने भएकाले अत्यन्त कम घाउ हुन्छ नसामा छिर्न पनि सानो सुई लगाउने हो । वायोप्सी गर्न पनि सानो सुई लगाउने हो । सानो सुईवाट नै सबै काम हुन्छ ।

यो संसारकै सबैभन्दा पछिल्लो उपचार विधि भएका हुनाले यसमा प्रयोगहुने समानहरूको परिकृत र परिमार्जित पुस्ताहरू आउने क्रम पनि संगसँगै चलिरहेको छ । हामी भाग्यमानी छौं देश विदेशमा अध्ययन गरेर विश्वस्तरको ज्ञान र सीप हामी नेपालमा प्रविधि भि त्र्याएर अभ्यास गरिरहेका छौं ।

यस किसिमको उपचारका लागि पहिला पहिला धेरै विरामीहरू विदेश जान बाध्य भएका थिए । फोक्सोको वायोप्सी गर्न विदेश पुग्नुपर्ने अवस्था थियो तर अहिले आएर जतिपनि अप्ठ्यारो ठाँउका बायोप्सीहरू छन् हामी अहिले नेपालमा नै गरिरहेका छौं । यतिमात्र हो इन यो इन्टरभेन्सनल रेडियोलोजीमा हुने उपचारहरूमा हामीले पनि धेरै नयाँ नयाँ कुराहरू गरिसकेका छौ र जटिल रोगहरूको सफल उपचार गरिसकेका छौं ।

उदाहरणको लागि पहिले पित्त नलिको क्यान्सरको उपचार गर्दा पिटिबिटी भन्ने प्रोसिजर गरिन्थ्यो तर विरामीले सधै पित्त वहेर आएको जम्माहुने थैलो बोकेर हिड्नुपर्ने बाध्यता हुन्थ्यो । अहिले इन्टरभेन्सनल रेडियोलोजीको माध्ययमवाट उपचार गर्दा हामीले पिटिबिटी गरेर भित्र आन्द्रासम्म पाइप पुर्याएर त्यसमा मेटलको जाली राखिदिन्छौं जसले विरमीको बाँकी जिवन सहज हुन्छ । अप्रेशन गर्न नमिलेको अवस्थामा बाकीको एक डेढ बर्ष जति सकिन्छ आराम र जीवन सहज होस् भन्नका लागि हामी यस प्रविधिवाट सहयोग गरिरहेको अवस्था छ ।

### यसबाट हुने बेफाइदाहरु:

प्राविधिक विषय भएकाले केहि फाइदा र केहि बेफाइदा यसमा पनि पक्कै छन् । तर यसले विरामीलाई फाइदा नै बढि गर्ने भएकाले यो पछिल्लो समयमा चर्चामा छ ।

आममान्छेले इन्टरभेन्सनल रेडियोलोजीलाई एफएनएसी बायोप्सी र ड्रेनेजलाई मात्र बुझिखास्नु भएको अवस्था छ तर हरेक रोगहरूमा इन्टरभेन्नल रेडियोलोजीको पनि भूमिका हुन्छ भन्ने कुरा सबैलाई बुझाउन सकियो भने विरामीलाई थप सजिलोसँग उपचार गर्न सकिन्छ । लोकल एनेस्थेसियामा नै प्रोसिजरहरू गर्न सकिन्छ, अस्पताल बसाइ पनि कम हुन्छ, उपचारपछि छोटो समयमा नै काममा फर्कन सकिन्छ ।



**डा. अजित थापा**
कन्सल्टेन्ट, इन्टरभेष्नल रेडियोलोजिष्ट

# ॐ हस्पिटलमा उपलब्ध सेवाहरु:

## उपलब्ध डायग्नोष्टिक सेवाहरु:

- Radiology and Imaging (भिडियो एक्स रे, सिटी स्क्यान, इको, एमआरआई )
- Pathology/Laboratory (रगत, दिशा पिशावका सम्पूर्ण जाँच)

## उपलब्ध विशेषज्ञ सेवाहरु:

- Anaesthesiology (एनेस्थेसियोलोजी)
- Audiology (अडियोलोजी)
- Cardiology (मुटु रोग)
- Cardiothoracic and Vascular Surgery (कार्डियोथोरासिक एण्ड भाष्कुलर सर्जरी)
- Dermatology and Venerology (चर्म तथा यौन रोग)
- Dental (दन्तरोग)
- Endocrinology and Diabetes (ग्रन्थीरोग तथा मधुमेह)
- ENT Head and Neck Surgery (नाक, कान, घाँटी)
- Gyanaecology and Obsetrics (स्त्री तथा प्रसुती)
- Gastroenterology and Hepatology (पेट पाचन तथा कलेजो रोग)
- General Surgery Digestive Disease and Laparasopic Surgery (जनरल सर्जरी डाइजेष्टिभ डिजिज एण्ड ल्यापरोस्कोपिक सर्जरी)
- Hepatopancreatobiliary and Gastro Surgery (हेपाटोप्यान्क्रियाटोबिलियरी एण्ड ग्याष्ट्रो सर्जरी)
- Internal Medicine (जनरल फिजिसियन)
- IVF (आई.भी.एफ)
- Neonatology and Neonatal (नवजात शिशु)
- Nephrology (मृगौला रोग)
- Neurology and Neurosurgery (नसा तथा स्नायु सम्बन्धि)
- Nutrition and Dietetics (पोषण)
- Oncology (अर्बुदरोग)
- Ophthalmology (नेत्र रोग)
- Orthopedics Traumatology (हाड जोर्नी चिकित्सा)
- Om Wellness Clinic (ॐ वेलनेश क्लिनिक)
- Pediatrics and Pediatric Surgery (बाल रोग)
- Psychiatry (मानसिक रोग)
- Physiotherapy and Rehabilitation (फिजियोथेरापी एण्ड रिह्याविलिटेसन)
- Plastic Surgery (प्लाष्टिक सर्जरी)
- Pulmonology (फोक्सो तथा छाँती)
- Pain Medicine (पेन मेडिसिन)
- Rheumatology and Immunology (र्‍युमाटोलोजी एण्ड इम्युनोलोजी)
- Spine Surgery (ढाडको उपचार)
- Urology (युरोलोजी)

## उपलब्ध अन्य सेवाहरु:

- Ambulance (एम्बुलेन्स)
- Emergency Service (आकस्मिक उपचार)
- Heli-EMS (हेली इ.एम.एस)
- IPD/OPD (अन्तरङ्ग / बहिरङ्ग सेवाहरु)
- ICU/CCU (सघन उपचार सेवा)
- Operation Theatre (शल्यक्रिया कक्ष)
- Sleep Lab (निद्रा सम्बन्धि)
- Vaccination (खोप सेवाहरु)

# News and Events






CHAIRMAN DR. ANAND P. SHRESTHA (26TH AGM)



INFECTION PREVENTION & CONTROL WORKSHOP



BASIC LIFE SUPPORT TRAINING



WORKSHOP ON HELPING BABY BREATH

**१०% छुट**

**७० बर्ष माथिका सम्पूर्ण जेष्ठ नागरिकहरुको सम्मानमा ॐ अस्पतालमा उपचारको बिलमा १० प्रतिशत छुटको व्यवस्था छ।**

(थप जानकारीको लागी सोधपुछ वा १९७ एक्टेन्सनमा सम्पर्क गर्नुहोला)



OM HOSPITAL & RESEARCH CENTRE (P.) LTD. | 01-4576225 | omhrc@omhospitalnepal.com

सम्पादन समूह
डा. हरिश जोशी, मेडिकल डाइरेक्टर | उमा श्रेष्ठ, नर्सिङ डाइरेक्टर | विनोद अधिकारी, मिडिया एण्ड बिजनेस डेभलपमेन्ट म्यानेजर | इरु पौडेल, क्वालिटि एस्योरेन्स् एण्ड कर्पोरेट सर्भिस म्यानेजर